# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०७।२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला डोल्पा, त्रिपुरासुन्दरी नगरपालिकाको आ.व. २०७८।०७९ मा वडा नं. ५ स्थित खदाङ देखि ल्हाँसम्मको मोटरबाटो स्तरोन्नतीका लागि ठेक्का नं TM/NCB /06/2078/079 बोलपत्र आह्वान गरी औपचारिकता मात्र निभाई मिलेमतोमा दिव्या निर्माण सेवा प्रा.लि. लाई उक्त काम जिम्मा दिई भुक्तानीमा आर्थिक अनियमितता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिपुरासुन्दरी नगरपालिकाको आ.ब. ०७८/७९ मा वडा नं. ५ स्थित खदाङ देखि ल्हाँसम्मको मोटरबाटो स्तरोन्नती कार्यको लागि रू.८३,८२,९९८।८२ (मू.अ.कर, पि.एस., कन्टिन्जेन्सी समेत) लागत अनुमान स्वीकृत भई उक्त कार्यको लागि मिति २०७९।०१।२५ को राजधानी राष्ट्रिय दैनिकमा सूचना तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp मा IFB No. TM/NCB/06/2078/079, Khadang Dekhi Laha motor bato star unnati को बोलपत्र आव्हान प्रकाशित भएकोमा मिति २०७९।०२।२४ गते दिनको २:०० बजे नगरपालिकाका कर्मचारी तथा निर्माण व्यवसायी प्रतिनिधिहरुको उपस्थितिमा e-bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरु खोलिएको मुचुल्काबाट उक्त सडकको ठेक्कामा जम्मा ७ वटा बोलपत्रदाताहरु सहभागी भएको देखिएको। सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले ***Citizenship of Company Owner*** लाई अनिवार्य शर्तको रुपमा राख्नुपर्ने गरी व्यवस्था गरेको नदेखिएको, Bidding Document को Mandotary Document मा उल्लेख पनि नभएको, साथै, Bid Document को Section III: Evalution and Qualifcation Criteria मा समेत समावेश नभएको विषय हुँदाहुँदै बोलपत्र मूल्याङ्कनको क्रममा ***Citizenship of Company Owner*** लाई अनिवार्य शर्तको रुपमा राखी मूल्याङ्कन गरे गराएको देखिएको लक्षित बोलपत्रदाता बाहेकका अन्य सार्वजनिक खरिद प्रक्रियामा सहभागी बोलपत्रदातालाई जानीबुझी बाहेक गर्ने र आफू समेतले गैर कानूनी लाभ प्राप्तिकै लागि अन्य प्रतिवादीहरु समेतको एक आपसको मिलेमतोमा ७ वटा बोलपत्रदाताहरुको बोलपत्र कागजातहरुको मूल्याङ्कन गर्न कार्यालयमा गठित मूल्याङ्कन समितिका सदस्यहरुले सोही कागजातको आधारमा बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र कागजातको मूल्याङ्कन गरी ७ वटा मध्ये ३ वटा बोलपत्रदाताहरुलाई ***Citizenship of Company Owner*** पेश नगरेको तथा अन्यले Work Schedule पेश नगरेको लगायतका कारण देखाई बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र पूर्ण नभएको भनी ६ वटा बोलपत्र मूल्याङ्कन प्रक्रियाबाट हटाएको देखिएको। मूल्याङ्कनमा उत्तिर्ण भएको एक मात्र बोलपत्रदाताले समेत ***Citizenship of Company Owner*** पेश गरेको नदेखिएबाट मूल्याङ्कन समितिका सदस्यहरुले दुषित मनसायले बदनियतपूर्वक बोलपत्र मूल्याङ्कन गरी गराई गलत प्रतिवेदन दिएको देखिएको। कुनै बोलपत्रदाताले खरिद कारबाही वा निर्णयको पुनरावलोकन सम्बन्धी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ उपदफा (१) बमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिन सकिने व्यवस्थाबमोजिम नगर कार्यपालिकाको कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) बमोजिम

७(सात) दिनको अवधि दिई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्नुपर्नेमा बदनियतपूर्वक प्रकाशित मिति २०७९।०२।२७ राखी मिति २०७९।०३।०२ गते (बोलपत्रदाताले निवेदन पेश गर्न सकिने अन्तिम दिन) को राजधानी दैनिकमा प्रकाशन गरी गराई अन्य बोलपत्रदातालाई निवेदन दिनबाट बञ्चित गरेको देखिएको। दिव्या निर्माण सेवा र कृष्ण निर्माण सेवाको Letter of Bid मा एकै व्यक्तिले दस्तखत गरी Bid Submit गरेको देखिएको, सबैभन्दा न्यूनतम रकम **रु. २४,७३,६१५।६१** कबोल गर्ने **कृष्ण निर्माण सेवा** र सबैभन्दा अधिकतम रकम **रू. ८०,६२,६७८।६७** कबोल गर्ने **दिव्या निर्माण सेवा** रहेको, दुबै फर्मले पेश गरेको घोषणा पत्र एकै format मा तथा त्रुटिपूर्ण मिति २०८९।०२।२३ रहेको, दुबै फर्मबाट पेश भएको Mobilization Table, Method Statement Example Document मिल्दो रहेको र दुबै फर्मले ***Citizenship of Company Owner*** पेश नगरेको देखिंदा देखिंदै न्यूनतम रकम कबोल गर्ने कृष्ण निर्माण सेवालाई अनुत्तिर्ण गरी बढी रकम कबोल गर्ने दिव्या निर्माण सेवालाई उत्तिर्ण गराई मूल्याङ्कनमा दोहोरो मापदण्ड अपनाएको देखिएबाट बोलपत्र मूल्याङ्कन समिति, कार्यालय र निर्माण व्यवसायी बीच मिलेमतो गरी सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता **दिव्या निर्माण सेवा प्रा.लि. रू.८०,६२,६७८।६७** (असी लाख बैसठ्ठी हजार छ सय अठहत्तर रुपैंया सतसठ्ठी पैसा) को बोलपत्र स्वीकृत तथा ठेक्का प्रदान गरी न्यूनतम कबोल रकम **रु. २४,७३,६१५।६१** (चौबिस लाख त्रिहत्तर हजार छ सय पन्ध्र रुपैयाँ एकसठ्ठी पैसा) बीचको फरक रकम **रु.५५,८९,०६३।०६** (पचपन्न लाख उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ छ पैसा) बराबरको बिगो रकम प्रतिवादीहरुले गैरकानूनी लाभ र संस्थालाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको देखिएबाट उक्त कार्य कसूरमा संलग्न देहायका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| **सि. नं** | **नामथर, पद र कार्यालय** | **बिगो रु.** | **कसुर तथा सजायको मागदाबी** |
|---|---|---|---|
| १. | त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **लाल प्रसाद पोखरेल**, तत्कालीन इन्जिनियर **कर्ण बहादुर कार्की**, प्रशासकीय अधिकृत **हिरा चन्द्र धराला**, शिक्षा अधिकृत **भिम बहादुर थापा,** बरिष्ठ लेखा सहायक **रुपचन्द्र बुढा** र MIS अपरेटर **हरिचन्द्र बिष्ट** | **जनही**<br>**रु.५५,८९,०६३।०६** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. पचपन्न लाख उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ छ पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन, साथै गलत प्रतिवेदन दिई दिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला डोल्पा, त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५ | **रु.५५,८९,०६३।०६** | मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. पचपन्न लाख |

| | | | |
|---|---|---|---|
| | स्थित खदाङ देखि ल्हाँसम्मको मोटरबाटो स्तरोन्नतीको खरिद प्रक्रिया मूल्यांकनमा संलग्न बोलपत्र मुल्यांकन समितिका सदस्य (NCCSP प्रोजेक्टका इन्जिनियर) **शिशिर कुमार गुरुङ** | | उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ छ पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य कसूरदार सरह सजाय हुन, साथै गलत प्रतिवेदन दिई दिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | **दिव्या निर्माण सेवा प्रा.लि., दुनै, डोल्पा** र उक्त निर्माण सेवाका प्रो. **भीमराज न्यौपाने** | रु.**५५,८९,०६३।०६** | मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. पचपन्न लाख उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ छ पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल